# छिन्नमस्ता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.स.(Letter No):२०७८/०७९

Website:www.chhinnamastamun.gov.n

मिति(Date):२०७९/०२/१६

सुचना नं.:-०३४

## धान बालि साना ब्यबसायी कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम संचालन सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशन)

यस कार्यालयको आ.व.२०७८/०७९ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन म्यानुवल २०७७ बमोजिम सहकार्यमा कार्य गर्न इच्छुक कृषि सहकारी/संस्था/कृषक समुह/संस्था/जल/बन उपभोक्ता समिति/कृषि फर्महरुले यप सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात फारम दर्ता हुने अन्तिम मिति २०७९/०२/३१ गते सम्म कार्यालय समय भित्र तपसिल बमोजिमको संलग्न कागजात सहित कार्यालय समय भित्र सिल बन्दि प्रस्तावना पत्र पशु सेवा शाखा कोचाबखारिमा दर्ता गर्न हुन् आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन् आएका निबेदन हरु छनौटका लागि समाबेश नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

| क्र.स. | कार्यक्रम | संख्या | पालिकाबाट बेहोर्ने साझेद रकम रु |
|---|---|---|---|
| १. | धान बालिको साना ब्यबसायी कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम संचालन | १ पटक | १२,००,०००/- |

दिलिप कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु

१. सडकको पहुंच भएको वा हुन सक्ने

२.सिंचाईको उपलब्धता भएको वा हुन सक्ने

३.वित्तिय संस्थाहरुको पहुच भएको वा हुन सक्ने

४.अनुसूची १० बमोजिमको आवेदन फारममा रु १० को टिकट टासी रित्तपूर्वक भरेको तथ्यांक र प्रस्तावना सहितको निवेदन ।

५.गा.पा.को राजस्व शाखावाट रु. ३००।- रकम वुझाए सम्वन्धित निकायमा दर्ता भएको कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी, फर्म, ६.जलउपभोक्ता समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

७.आफूले संचालन गर्ने बाख्रा एकिन गरी संस्थाको निर्णय सहित पेश गर्नु पर्ने छ ।

८.फर्म/सहकारीको हकमा एब्ल ल्य सहित २०७७/०७८ को अडिट प्रतिवेदन र कर चुक्ताको प्रमाण्पत्रको प्रतिलिपी ।

९. कार्यक्रम संचालन हुने स्थानको (जग्गा जमिन) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतामा वा सार्वजनिक जग्गा भएमा सम्वन्धित स्थानिय निकायको कम्तिमा ५ वर्षको सहमति पत्र ।

१०. वडा कार्यालयको सिफारिस ।

११.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

१०. एउटै समुह/सहकारी/फर्म संस्थासंग उल्लेखित क्षेत्रफलमा जग्गा नभए अन्य समुह/सहकारीसंग मिली सहमति गरी एउटै ११.कोरिडोरमा पकेट कार्यक्रमको लागि अलग-अलग पेश गर्न सकिनेछ ।

१२. आवेदन साथ पेश गरेका सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।

१३. व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्वीकृत गर्ने सम्वन्धि अधिकार यस गा.पा.मा सुरक्षित रहनेछ ।

१४. पकेट संचालन सम्वन्धि नयाँ कार्यविधि २०७७ अनुसार २ वर्ष सम्म कुनै संस्थावाट अनुदान लिइसकेका पुराना पकेटहरु यसमा भाग लिन पाउने छैन ।

१५. स्थानिय वा अन्य कुनै निकायवाट पकेट, ब्लक, चकलाबन्दी खेती वा जोन संचालन गरेको कृषक समुह सहकारी वा अन्य कुनैले आवेदन दिन पाउने छैन ।

नोट :- अनुसूची १० अनुसारको निवेदन फारम छिन्नमस्ता गा.पा.को कृषि बिकास शाखा कोचावखारीवाट प्राप्त गर्नु हुन ।